# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शंकरकृष्ण मल्ल मलेशियाको क्वालालम्पुरमा हुने एशिया तथा प्रशान्त क्षेत्रको विकाससम्बन्धी संस्था (ए.पी.डी.सी.)को व्यवस्थापन समितिको सातौं बैठकमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव श्री पृथुनरसिंह राणालाई मिति २०४४।११।३० देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना २

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव श्री नरसिंहनारायण सिंह युनेस्कोको तत्वावधानमा जापानमा हुने सेमिनार कम सिम्पोजियम अन द फ्युचर अफ एजुकेशन इन एशिया एण्ड द पेशिफिक विषयक गोष्ठीमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रमेजजंग थापालाई मिति २०४४।११।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।